सभापोखरी गाउँपालिका

बाह्रविसे, सङ्खुवासभा

# स्थानीय राजपत्र

सभापोखरी गाउँपालिकाद्वारा प्रकाशित

बर्ष : ८     अंक: २, सभापोखरी, २०८१ साल भदौ ३० गते

**भाग- २**

## 'होमस्टे(घरवास) संचालन कार्यविधि २०८१'

**सभापोखरी गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय,**

**बाह्रबिसे ,संखुवासभा**

**कोशी प्रदेश, नेपाल ।**

# "होमस्टे (घरवास) संचालन कार्यविधि,२०८१"

ग्रामीण क्षेत्रका स्थानीय जनसमुदायमा स्वरोजगारका अवसर सिर्जना हुने तथा आम्दानी वृद्धिको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउने प्रकृतिका ग्रामिण पर्यटन पूर्वाधारको दिगो विकास गर्ने, ग्रामीण पर्यटनको माध्यमबाट विपन्न, महिला, मधेशी, आदिवासी जनजाती र हालसम्म समेट्न नसकिएका समूहको समेत संलग्नता रहने गरी पर्यटन व्यवसायबाट प्राप्त हुने लाभलाई समुदायको पहुँचभित्र ल्याउने, संरचनाको निर्माण र विकास गर्ने पर्यटन नीति, २०६५ अनुसार सभापोखरी गाउँपालिकाको ग्रामिण भेगको क्षेत्रमा समेत होमस्टेको माध्यमबाट पर्यटनको विकास, प्रर्वद्धन, व्यवस्थापन र नियमन गर्न होमस्टे कार्यविधि जारी गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि सभापोखरी गाउँपालिकाले यो होमस्टे कार्यविधि,२०८१ तर्जुमा गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम 'होमस्टे(घरवास) संचालन कार्यविधि २०८१' रहेको छ।

(२) यो कार्यविधि सभापोखरी गाउँपालिका भित्र लागु हुने छ।

(३) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी प्रमाणीकरण भएको मितिवाट प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अको अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "होमस्टे "भन्नाले पर्यटकलाई आवास, खाना र अन्य पर्यटकीय सेवा प्रदान गर्ने उद्धेश्यले आफ्नै घर समुदायमा निजी वा सामूहिक रुपमा संचालन गरिएको घरवास सेवा सम्झनु पर्छ।

(ख) 'कार्यालय" भन्नाले सभापोखरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ग) "स्थानीय तह" भन्नाले सभापोखरी गाउँपालिका सम्झनु पर्छ।

(घ) "होमस्टे व्यवस्थापन समिति' भन्नाले वफा ७ को उपयका (१) बमोजिम गठन भएको समिति सम्झनुपर्छ।

(ङ) होमस्टे इकाई भन्नाले होमस्टे संचालन गर्न व्यवस्थापन समिति अन्तर्गत रहेका प्रत्येक घर सम्झनु पर्छ।

(च) "सामुदायिक होमस्टे" भन्नाले ग्रामिण क्षेत्रमा कम्तिमा पाँचवटा अलग अलग स्वामित्व भएको घरधनीले सामुदायिक रुपमा व्यवस्थापन गर्ने गरी सञ्चालन गरेको होमस्टे सम्झनु पर्छ।

(छ) "निजी होमस्टे" भन्नाले ग्रामिण क्षेत्रमा एकल रुपमा दर्ता गरी निजिस्तरमा संचालित होमस्टे सम्झनु पर्दछ।

(ज) "प्रमुख" भन्नाले सभापोखरी गाउँपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

३. **उद्देश्यः** होमस्टे संचालनको मुख्य उद्देश्य देहाय बमोजिमका हुनेछन्ः-

(क) होमस्टे संचालन गरी पर्यटन क्षेत्रको प्रतिफल ग्रामीण समुदायमा पुऱ्याउने,

ख) होमस्टे संचालन गरी ग्रामिण क्षेत्रका जनतालाई पर्यटन सेवामा सहभागि गराउने,

(ग) होमस्टे संचालन गरी ग्रामीण समुदायको आयश्रोत वृद्धि गरी जीवनस्तर वृद्धि गर्ने,

(घ) होमस्टे संचालन गरी ग्रामिण तथा स्थानीय स्तरमा स्वरोजगार विकासको माध्यमको रुपमा उपयोग गर्ने,

(ङ) होमस्टे संचालन गरी पर्यटकलाई सुलभ, सहज वातावरणमा स्थानीय परिवेश, परिकार, रीतिरिवाज, कला, संस्कृति र रहनसहनकी वारेमा जानकारी दिने,

(च) होमस्टेमा आवास र खाने सुविधा मात्र नभै पर्यटकलाई सुलभ, सरल र सहज वातावरणमा स्थानीय जनजीवन, स्थानीय परिकार, रितीरिवाज, कला सस्कृति रहनसहन, स्थानीय पर्यटकिय क्षेत्र आदिको वारेमा अनुभव हासिल गर्ने मौका प्रदान गर्ने ।

(छ) फोहोर मैलाको उचित व्यवस्थापन गरी स्वच्छ गाउँ तथा शहरको निर्माण गर्ने ।

(ज) गाउँका युवा तथा युवतीहरुलाई गाउँमा नै स्वरोजगार सिर्जना हुने खालको कार्यहरु जस्तै प्रक्ति पचप्रदर्शक, हस्तकला, अर्गानिक खेतीमा उन्मुख गराउने साथै उत्पादनमूलक तालिम प्रदान गर्ने ।

(झ) ग्रामिण इलाकामा पर्यटकलाई सरल र सहज वातावरणमा बसोबासको व्यवस्था गर्ने ,

(ञ) ग्रामिण ईलाकामा रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक, प्राकृतिक सम्पदाको संरक्षण र जगेर्ना गर्ने

(ट) समुदायमा संग्रहालय तथा साँस्कृतिक घरको निर्माण गरी पर्यटकलाई आकर्षित गर्ने वातावरण सिर्जना गर्ने ।

**४. होमस्टेको वर्गिकरणः** ब्यवस्थापनको दृष्टीकोणवाट होमस्टेलाई दुई भागमा विभाजन गर्न सकिन्छ ।

(क) अनुसूचि-१ मा उल्लिखित मापदण्ड पूरा गरी अलग अलग स्वामित्व भएका कम्तीमा पाँचवटा घरधनीले सामुहिक व्यवस्थापन गरी संचालन गरेको होमस्टेलाई सामुदायिक ग्रामीण होमस्टे मानिन्छ ।

(ख) ग्रामिण क्षेत्रमा निजीस्तरमा कुनै व्यक्तिले एकल रुपमा बढीमा ५ कोठामा सञ्चालित होमस्टेलाई निजी होमस्टे मानिन्छ ।

**५. दर्ताका लागि निवेदन दिने :-**

(१) होमस्टे संचालन गर्न चाहने व्यक्ति वा समुदायले देहाय बमोजिमका कागजात सहित अनुसूची- २ बमोजिमको ढाँचामा गाउँपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

**सामुदायिक होम स्टेका लागि :-**

(क) कम्तीमा पाँच जना घरधनीले आ-आफ्नो घरमा सामूहिक रुपमा होमस्टे सञ्चालन गर्न सहमत भएको लिखित प्रतिवद्धता पत्र,

(ख) होम स्टे संचालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी

(ग) जग्गा धनी प्रमाण पूर्जा वा पैतृक सम्पती यकिन हुने प्रमाण वा मञ्जुरीनामा,

(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

**निजी होमस्टेका लागि :-**

(क) होम स्टे संचालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

(ख) जग्गा धनी प्रमाण पूर्जा वा पैतृक सम्पत्ती यकिन हुने प्रमाण वा मञ्जुरीनामा वा यदी भाडाको जग्गामा सञ्चालन गर्ने भए कम्तिमा १० बर्षको जग्गा भाडा सम्झौताको प्रतिलिपी,

(ग)वडा कार्यालयको सिफारिस पत्र,

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुखले देहाय बमोजिमको पाँच सदस्यीय निरीक्षण टोली गठन गर्नेछ र उक्त टोलिले अनुसूची १ वमोजिमको मापदण्ड पुरा भए नभएको बारेमा १ महिना भित्र प्रतिवेदन पेश गर्नेछ।

(क) सम्बन्धित वडाको वडाध्यक्ष – संयोजक

(ख) स्वास्थ्य, कृषि र वन तथा वातावरण हेर्ने कर्मचारी - १ - सदस्य

(ग) होमस्टे व्यवस्थापन तथा संचालन समितिको प्रतिनिधि १ -सदस्य

(घ) पर्यटन बिज्ञ १ - सदस्य

(ङ) सम्बन्धित वडाको वडा सचिव, सदस्य सचिव रहनेछ

(३) उपदफा (२) बमोजिमको निरीक्षणवाट तोकिएको मापदण्ड पूरा भएको प्रतिवेदन प्राप्त भएमा गाउँपालिकाको कार्यालयले सात दिनभित्र एक हजार पाचँ सय रुपैयाँ (रु. १,५००) सामुदायिक होमस्टेका लागि एक हजार (रु. १,०००) रुपैयाँ निजी होम स्टेका लागि शुल्क लिई  वा आर्थिर ऐन मा भएको व्यवस्था बमोजिम शुल्क लिई अनुसूची- ३ बमोजिमको ढाँचामा तोकिएको अधिकारीबाट होमस्टे संचालनको प्रमाणपत्र दिनु पर्नेछ।

(४) मापदण्ड पूरा नगरेका होम स्टेको हकमा निरीक्षण टोलिको प्रतिवेदन अनुसार आवश्यक सुधार गर्ने समय दिइनेछ र पुनः स्थलगत निरीक्षण गरी उपदफा (३) बमोजिम दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

**६. होमस्टे दर्ताका लागि न्यूनतम मापदण्डहरु :-**

(१) होम स्टे दर्ताका लागि देहाय वमोजिमको न्यूनतम मापदण्ड पूरा गर्नु पर्नेछ :

(क) पाहुनाको लागि हरेक घरमा कम्तीमा एक कोठा र दुई बेड भएको हुनु पर्ने र बढीमा चारकोठा र आठ बेड मात्र राख्न पाईने,

(ख ) शौचालय र स्नानगृहको अनिवार्य व्यवस्था भएको हुनु पर्ने,

(ग) घरायसी र वातावरणीय सरसफाईको राम्रो व्यवस्था हुनु पर्नेछ र फोहरमैला व्यवस्थापनका लागि कुहिने तथा नकुहिने फोहरको छुटाछुट्टै ब्यवस्था भएको हुनु पर्ने,

(घ) सेवा, सुविधा र गुणस्तरका आधारमा खानपानका वस्तुहरु र आवासको आधारमा औचित्यपूर्ण मूल्य सहितको मेनुको ब्यवस्था भएको हुनु पर्ने,

(ङ) संचारका न्युनतम सुविधाहरु जस्तै टेलिफोन वा ईन्टरनेटको ब्यवस्था भएको हुनु पर्ने, (सम्भव भएसम्म)

**७. पर्यटकीय क्रियाकलापः** (१) होमस्टेले स्थानीय क्षेत्रमा सञ्चालन हुने सांस्कृतिक कार्यक्रम र क्रियाकलाप, परम्परागत खेलमा सहभागी गराउने, उपलब्ध हुने क्षेत्रमा जगल ट्रेक, इको ट्रेक दृश्यावलोकनको कार्यक्रमको व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक होमस्टेले देहाय बमोजिमको कार्यक्रमको आयोजना गर्नु पर्नेछ-

(क) स्थानीय सांस्कृतिक नाचगान तथा फुलमालाका साथ पर्यटकको स्वागत गर्ने,

(ख) पर्यटकहरुलाई सामुदायिक भवन वा खुला ठाउँमा मौलिक परम्परा वा संस्कृतिमा आधारित सांस्कृतिक कार्यक्रमहरुको प्रस्तुती, मेला, भाषा जस्ता गतिविधीहरु आयोजना गरी सहभागी गराउने,

(ग) सांस्कृतिक सम्पदा, संग्राहलय, घरेलु तथा हस्तकला सामाग्री उत्पादन केन्द्र स्थल, दृश्यावलोकन, जंगल, झरना,ताल, वन्यजन्तु तथा चरा अवलोकन गर्ने व्यवस्था गर्ने,

(घ) स्थानीय कृषि, घरेलु तथा हस्तकला प्रविधिमा सहभागी गराई पर्यटक तथा स्थानीय जनता वीच जीवनशैली, कला संस्कृति आदि विषयमा अनुभव तथा ज्ञानको आदान प्रदान गराउने,

(ङ) पर्यटकको विदाई गर्दा स्थानीय संस्कृति झल्कने मायाको चिनो सहित फुलमाला पहिराउने।

(च) पर्यटकलाई पारिवारिक वातावरणको अनुभव दिलाउने।

(छ) पाहुनाको तथ्याक राख्नुका साथै पर्यटक होमस्टेबाट बिदाई भएपछि एकपटक उनीहरु गन्तब्यमा पुगे नपुगेको जानकारी लिने।

**८. होमस्टेले दर्ता पश्चात पुरा गर्नुपर्ने अन्य मापदण्डहरु :-** होमस्टे सञ्चालकले दर्ता पश्चात पुरा गर्नुपर्ने अन्य मापदण्डहरु देहाय बमोजिम हुनेछन, -

(क) सुरक्षा निकायसँग समन्वय गरी पर्यटक सुरक्षाको ब्यवस्था मिलाउनु पर्ने,

(ख) पर्यटकको स्वास्थ्य स्थितिको पूर्व जानकारी लिई सोही बमोजिमको खानपानको व्यवस्था गर्नु पर्ने तथा पर्यटक बिरामी भएमा स्थानीय स्वास्थ्य चौकी वा अस्पताल सँग समन्वयकारी भूमिका निर्वाह गर्ने,

(ग) सामुदायिक होम स्टेको लागि कम्तिमा एक सामुदायिक भवन वा हलको ब्यवस्था हुनु पर्ने,

(घ) हरेक बर्ष लेखा परीक्षण गराउने र पर्यटकको तथ्यांक ब्यवस्थित गरी राख्नु पर्ने,

(ङ) प्रत्येक बर्ष पौष मसान्तसम्म आन्तरिक राजश्व बिभाग अन्तर्गतका कार्यालयवाट कर चुक्ता गर्नु पर्ने,

(च) हाल संचालित संघीय सरकारका बिभिन्न निकायमा दर्ता भएका होमस्टेहरु समेत कर चुक्ता गरी अन्य आवश्यक विवरण सहित गाउँपालिकामा दर्ता गर्नु पर्ने,

(छ) होमस्टेको वार्षिक प्रतिवेदन र आर्थिक प्रतिवेदन गाउँपालिकाको सम्बन्धित वडा र शाखामा पेश गर्नुपर्ने,

( ज) होमस्टेमा आउने पर्यटकलाई सम्भव भएसम्म प्राकृतिक चिकित्सा लगायत अन्य गतिविधिहरु संचालन गरी बसाईका दिन लम्ब्याउन पहल गर्नु पर्ने,

(झ) होमस्टेको मुल मर्म बिपरित वा होटेल लजको आकारमा चलेको पाइएमा उक्त होमस्टे खारेज हुने भएकोले त्यस्ता होटेल व्यवसायी यथाशीघ्र कम्पनिको रुपमा दर्ता हुनुपर्ने।

**९. होमस्टे व्यवस्थापन तथा संचालनः** (१) सामुदायिक होमस्टे सञ्चालन गर्न चाहने संचालकहरुले साधारण भेला गरी देहाय वमोजिमको होमस्टे व्यवस्थापन तथा सञ्चालन समिति गठन गर्नुपर्नेछ र उक्त समितिको मुख्य पदमा कम्तिमा १ (एक) जना महिला अनिवार्य हुनुपर्नेछ।

(क) समुदायका सदस्यहरुबाट एक जना - अध्यक्ष

(ख) समुदायका सदस्यहरुबाट एक जना - उपाध्यक्ष

(ग) समुदायका सदस्यहरुबाट एक जना - कोषाध्यक्ष

(घ) समुदायका सदस्यहरुवाट महिला सदस्य - सदस्य

(ङ) समुदायका सदस्यहरुबाट एक जना सदस्य  - सदस्य सचिव

(२) होमस्टेमा सहभागी हुने घर संख्याको आधारमा समावेशी हुने गरी समुदायले थप ६ जना सम्म सदस्यको चयन गर्न सक्नेछ।

(३) होमस्टे व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) पर्यटकीय क्रियाकलापहरु र पर्यटकहरुले पालना गर्नुपर्ने आचार संहिताको बारेमा जानकारी गराउने
(ख) आगन्तुक पर्यटकहरुको स्वागत तथा पाहुनाको आकस व्यवस्था मिलाउने,
(ग) पर्यटक वा पाहुनाको  दर्ता  तथा रेकर्डको व्यवस्था गर्ने,
(घ) आयव्ययको श्रेस्ता व्यवस्थित र दुरुस्त राख्ने,
(ङ) प्रत्येक होमस्टेको निर्यामत अनुगमन गर्ने,
(च) स्थानीय भ्रमण प्याकेजहरुको निर्माण र प्रचार प्रसार गर्ने,
(छ) स्थानीय वातावरण, परम्परा, शैली तथा संस्कृतिको संरक्षण गर्ने,
(ज) सांस्कृतिक कार्यक्रमहरुको प्रदर्शन व्यवस्थापन गर्ने,
(झ) पर्यटकहरुलाई जङ्गली जनावरहरुको बारेमा जानकारी गराउने,
(ञ) पर्यटकहरुको स्वास्थ्योपचार र अन्य आकस्मिक सेवाहरुको व्यवस्थापन र समन्वय गर्ने,
(ट) होमस्टेको साइनेज तथा लोकेसन म्याप तयार गर्ने,
(ठ) पर्यटक आवास गृहमा उपलब्ध हुने सेवा, सुविधाको गुणस्तरका आधारमा मेनु/मुल्य निर्धारणमा एकरुपता कायम गर्ने साथै प्रत्येक होमस्टे संचालकको घरमा देहाय वमोजिमको संक्षिप्त विवरण सहीतको बोर्ड राख्न लगाउने होम स्टेको नाम :
दर्ता नं.
फोन नं.
इमेल :
(ड) प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैतीस दिन भित्र पर्यटक संख्या, प्रमुख क्रियाकलाप तथा आयव्यय देखिने वार्षिक प्रतिवेदन कार्यलयमा पठाउने,
ढ) होमस्टेको विकास, प्रवर्द्धन तथा व्यवस्थापनका लागि अन्य आवश्यक कार्यहरु गर्ने,
(ण) गाउँस्थित होमस्टे समन्वय समिति र प्रदेशमा रहेको पर्यटन मन्त्रालयसंग नियमित सम्पर्क
(त) अनुसूची-४ बमोजिमको सूचना पर्यटकहरुले देख्ने स्थानमा राख्नु पर्ने,
(थ) होमस्टे विकास प्रवर्द्धन तथा व्यवस्थापनका लागि अन्य आवश्यक कार्यहरु गर्ने,

**१०. गाउँ होमस्टे समन्वय समितिः** (१) गाउँपालिकामा आर्थिक विकास समितिको संयोजकको  संयोजकत्वमा देहाय बमोजिमको गाउँ होमस्टे समन्वय समिति गठन गर्न सकिनेछ।

(क) आर्थिक विकास समिति संयोजक -  सयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी  - सदस्य
(ग) कार्यपालिका सदस्य महिला सहित २ जना  - सदस्य
(घ) होमस्टे सञ्चालन गरेका व्यवसायी १ जना - सदस्य

(ङ) आर्थिक विकास शाखा प्रमुख  - सदस्य सचिव

(२) गाउँ होमस्टे समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ-

(क) गाउँ स्थित होमस्टे व्यवस्थापन तथा सञ्चालन समितिहरु बीच समन्वय र सहजीकरण गर्ने,
(ख) पूर्वाधार विकास र क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने,
(ग) पर्यटकलाई स्वास्थ्य सम्बन्धी सहयोग र समन्वय,
(घ) आकस्मिक स्वास्थ्य सम्बन्धी सहयोग र समन्वय गर्ने,
(ङ) सम्भाव्य पर्यटकीय सम्पदाहरुको विवरण तयार गर्ने,
च) वाटो, पदयात्रामार्ग, भ्यूटावर, खानेपानी, स्वास्थ्य चौकी जस्ता साना पूर्वाधारहरु बनाउने ।

**११. पर्यटन पूर्वाधार विकास योजनामा सहयोग सम्बन्धी ब्यवस्था :-** होमस्टेमा पर्यटन पूर्वाधार विकास तथा संरक्षण सम्बन्धी योजनामा गाउँपालिकाले आर्थिक तथा प्राविधिक सहयोग गर्न सक्नेछ ।

**१२. अनुगमन तथा निरिक्षण सम्बन्धी व्यवस्थाः**

(१) संघ, प्रदेश, गाउँपालिका वा अन्य तोकिएको निकायले आवश्यकतानुसार समय समयमा होम स्टे व्यवस्थापन तथा संचालन समितिका कार्यहरु तथा प्रत्येक होम स्टेको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(२) तोकिएको निकायवाट हुने अनुगमन तथा निरिक्षणका क्रममा तोकिएको मापदण्ड पूरा नगर्ने होम स्टेलाई मनासिव माफिकको म्याद दिई मापदण्ड पूरा गर्न लगाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको म्यादभित्र पनि मापदण्ड कायम गर्न नसकेका होम स्टेलाई निलम्बन वा खारेज गर्न सक्नेछ ।

(४) स्विकृत कार्यक्रम तथा बजेट अनुसारको कामको कार्यान्वयनको क्रममा र कार्य सम्पन्न भएपछि सम्बन्धित निकायवाट अनुगमन तथा निरीक्षणको काम हुनेछ ।

(५) कुनै होमस्टे संचालकले मापदण्ड पालना नगरेको वा सो सम्बन्धी गुनासो आएमा पालिकाबाट कुनै पनि समयमा निरीक्षण गरी आवस्यक निर्देशन दिन सकीनेछ । सो निर्देशनको पालना गर्नु होम स्टे संचालकको कर्तब्य हुनेछ ।

(६) होम स्टेको संचालकहरु अवान्छनीय गतिविधिमा संलग्न भएको पाइएमा उक्त होम स्टेको कानुन बमोजिम कार्वाही सहित दर्ता खारेजी हुनेछ ।

**१३. वार्षिक प्रतिवेदनः** प्रत्येक होमस्टेले वार्षिक आय व्यय विवरण, होमस्टेले पुरा नगरेको सेवा सुविधा, पाहुना संख्या, प्रमुख क्रियाकलाप, पर्यटकहरुको लागत तथा विवरण सहितको प्रतिवेदन अनुसुची ५ बमोजिमको ढाचाँमा आ.व. समाप्त भएको मितिले पैतिस दिन भित्र कार्यालयमा पेश गर्नुपर्नेछ ।

**१४. नवीकरणः** (१) प्रत्येक होमस्टे आ.व. समाप्त भएको मितिले २ महिना भित्र नविकरण गर्नुपर्नेछ । नविकरणको लागि देहाय बमोजिमको कागजात संलग्न गरि होमस्टे नवीकरणको लागि निवेदन वस्तुर बुझाई कार्यालयमा निवदेन दिनु पर्नेछ।

(क) लेखा परीक्षण प्रतिवेदन, होमस्टेले प्रदान गरेको सेवा सुविधा र पर्यटकहरुको लगत तथा विवरण।

(ख) सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन समितिको प्रतिवेदन।

(ग) सामुहिक र निजि होमस्टे नवीकरण दस्तुर आर्थिक ऐनमा भए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम नवीकरणको लागि निवेदन पर्न आएमा कार्यालयले सम्बद्ध होमस्टेको निरिक्षण गरी मापदण्ड पूरा भएकाको हकमा होमस्टेको नवीकरण गर्नेछ र पूरा नभएका होमस्टेको नविकरण हुनेछैन। म्याद सकिएको महिनाभित्र होमस्टे नविकरण नभएमा २५ प्रतिशत विलम्ब शुल्क लाग्नेछ।

**१५. प्रचार प्रसार तथा बजारीकरणः** होमस्टेको होर्डिङ्ग बोर्ड, साइनबोर्ड, बोसियर, पोष्टर, सिडी जस्ता प्रचारप्रसारका सामग्रीहरुको उत्पादन, वेभसाइट, पत्रपत्रिका, रेडियो, टेलिभिजन, उत्सव, मेला, महोत्सव, गैरआवासीय नेपालीसँगको सहकार्य, दूर अपरेटर तथा पत्रकारहरुलाई परिचयात्मक भ्रमण, भ्रमण प्याकेजको निर्माण तथा विक्री प्रवर्द्धन जस्ता काम कारवाही र कृयाकलाप नगरपालिकाले पर्यटन बोर्ड, निजी क्षेत्रका होटल र रेष्टुरेन्ट एसोशिएसन, होमस्टे एसोशिएसन, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीसँग सहकार्य गरी होमस्टेको प्रचार प्रसार तथा बजारीकरण गर्नेछ। आवश्यकता अनुसार पर्यटकहरुलाई आकर्षण तथा स्थानीय जानकारीको लागि बृतचित्र समेत तयार गर्न सक्नेछ।

**१६. होमस्टे एसोशिएसनः** होमस्टे सम्बन्धी नीति निर्माण, व्यवस्थापन, प्रवर्द्धन तथा होमस्टे संचालन मापदण्डमा एकरुपता तथा अनुगमन कार्यमा नगरपालिकालाई सहयोग पुऱ्याउन होमस्टे संचालकहरुको होमस्टे एसोशिएसनले कार्य गर्नेछ।

**१७. विविधः** (१) प्रशिद्ध धार्मिक तिर्थस्थलमा दर्शनको लागि आउने दर्शनाथी तथा तिर्थालुहरुको वसोवास र खानपिनको बन्दोवस्त मिलाउन होमस्टे संचालनको लागि स्थानीय समुदाय समेतको सहभागितामा अनुरोध भएमा यस कार्यविधिको अन्य व्यवस्थाहरुको अधिनमा रही सञ्चालन अनुमति दिन सकिनेछ।

(२) होमस्टेमा ट्राभल एजेन्सी मार्फत आउने पर्यटकको बीमा गराउने जिम्मेवारी सम्बन्धित ट्राभल एजेन्सीको हुनेछ। व्यक्तिगत रुपमा आउने पर्यटकको हकमा विमा गर्ने जिम्मेवारी सम्बन्धित पर्यटकको नै हुनेछ।

(३) होमस्टे संचालन गर्ने संचालकले प्रचलित नेपाल कानून बमोजिम नेपाल राष्ट्र बैङ्गको पूर्व स्वीकृति लिएर मात्र विदेशी मुद्राको कारोवार गर्नु पर्नेछ।

(४) होमस्टे संचालन सम्बन्धी आधारभूत तालिम नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रशिक्षण प्रतिष्ठान लगायत अन्य स्वीकृत प्राप्त तालिम केन्द्रहरुबाट प्राप्त गर्न सकिनेछ।

(५) पर्यटकीय गतिविधिमा नै असर पर्ने गरि नाजायज काम ठगी, चोरी, वालवालिका वा महिला हिंसा र अमानवीय व्यबहार गरेको भनि कुनै पर्यटकबाट उजुरी पर्न आएमा सो कसुर ठहर भएमा वा अनुगमनको क्रममा प्रमाणित भएमा त्यस्तो निजी होमस्टे वा सामुदायिक होमस्टेको सदस्यलाई पुनः होमस्टे संचालन गर्न नपाउने गरि दर्ता खारेज गर्न सकिनेछ।

**१८. व्याख्या गर्ने अधिकारः** कार्यविधिको व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ।

**अनुसूची १**
**(दफा ४ संग सम्बन्धित)**
**होमस्टे संचालनका आधारभूत मापदण्ड**

**१. होमस्टेका लागि घर, कोठा र शैयाः**

(क) प्रत्येक सामुदायिक होमस्टेका लागि भिन्न भिन्न स्वामित्व भएका कम्तीमा ५ वटा घर होमस्टे यूनिटः हुनु पर्नेछ । एकआपसमा सहज पहुँचका लागि बाटोको प्रबन्ध भएको, घरहरु मौलिक संस्कृती झल्कने र हावा हुरी, जंगली जनावर आदिवाट सुरक्षित हुनु पर्ने, खुला, हिलो तथा चुलोरहित सफासुग्घर हुनुपर्नेछ ।
(ख) होमस्टमा पाहुनाका लागि कम्तीमा एउटा अलग्गै कोठा हुनुपर्नेछ ।
(ग) होमस्टेसंचालन गर्ने एक घरमा बढीमा ४ कोठा पर्यटकका लागि छुट्याउन सकिनेछ ।
(घ) एउटा कोठमा बढीमा २ वटामात्र ओछ्यान रहनुपर्ने छ। ओछ्यान कम्तीमा ६.५ फिट लम्बाई र ४ फिट चौडाईको हुनुपर्नेछ ।
(ङ) भुईमा कार्पेट वा राडी वा सफा गुन्द्री ओछ्याएको हुनुपर्नेछ ।
(च) ढोकामा खुट्टा पुछने बोरा वा डोरम्याट भएको हुनुपर्नेछ।
(छ) नरम खालको सेतो तन्ना भएको र सेतै खोल भएका ओढ्नेको व्यवस्था हुनु पर्नेछ ।
(ज) भित्तामा वा ढोकाको पछाडीपट्टि लुगा झुण्ड्याउने व्यवस्था भएको हुनुपर्नेछ ।
(झ) कोठामा विजुली बत्ती वा लाल्टिन वा मैन वा टुकी पानस बाल्ने व्यवस्था हुनु पर्नेछ ।
(ञ) सुत्ने कोठामा धुवाँ आउन नहुने ।
( ट) सुत्ने कोठामा राम्रा राम्रा दृश्य र स्थानीय संस्कृति झल्कने तस्विरहरु भएमा राम्रो हुने ।
(ठ) फोहोर फाल्ने एउटा टोकरी डस्टबीन को व्यवस्था हुनुपर्नेछ।
(ड) सम्भव भएसम्म प्रत्येक पाहुनाका लागि १ जोर चप्पल स्वीपर को व्यवस्था हुनुपर्नेछ ।
(ड) सम्भव भएसम्म भित्तामा एउटा अर्धकद्र (आधा शरिर) देखिते ठूलो ऐना झुण्डाएको हुनुपर्नेछ ।
(ण) सम्भव भएसम्म सुत्ने कोठामा चिया टेवल राख्नु राम्रो हुने ।
(त) सम्भव भएसम्म सुत्ने कोठामा २ वटा कुर्सी राख्नु राम्रो हुने ।

**२. शौचालय र स्नानघर:**

(क) सुविधायुक्त र सफा शौचालय हुनु पर्ने ।
(ख) होमस्टे संचालन गर्ने घर वा समुदायमा नुहाउने प्रवन्ध छुट्टै बाथरुम वा कम्तीमा छेकिएर नुहाउनसकिने सुविधायुक्त ठाउँ ।
(ग) स्नानघरमा पानीको बाल्टी, मग, साबुन, रुमाल आदि आधारभूत वस्तुहरु हुनु पर्ने ।

**३. भान्सा कोठा र खाना खाने व्यवस्था :**

(क) पाहुना राख्ने घर कोठा नजिक गाई भैसी अथवा भेडाबाखा, सुगुर, कुखुरा आदि वाध्न वा पाल्न नहुने ।
(ख) धेरै धुवाँ नहुने भान्सा उन्नत वा सुधारिएको चुलो भएको ।
(ग) पानीको सुविधा मिलाउनुपर्ने र खानेपानी फिल्टर गरेर वा उमालेरमात्र दिने ।

(घ) स्थानीय खानाका परिकारहरुलाई स्वास्थ्य कर ढंगले पकाउने र खुवाउने प्रवन्ध हुनुपर्ने ।

(ङ) नेपालीहरुलाई राम्रोसंग पलेटी कसेर वसेर खान मिल्ने ठाउँ हुनुपर्ने ।

(च) विदेशीलाई सानो डाइनिङ्ग टेवलको पनि प्रवन्ध भए राम्रो हुने ।

(छ) खानपीन विवरण तथा मूल्य निर्धारण गरिएको हुनुपर्ने (मेनु भएको) ।

**४. स्वास्थ्य, सरसफाई तथा सुरक्षाः**

(क) मुसा, लामखुट्टे, उडुस, उपियाँ आदिबाट सुरक्षित हुनु पर्ने, दुर्गन्ध वा गाई भैसीको गोठबाट हुनुपर्ने, सामुदायिक रुपमा प्राथमिक उपचारको व्यवस्था हुनु पर्ने, खुला नाली र ढल हुन नहुने ।

(ख) वातावरण मैत्री पर्यटन कृयाकलाप, पर्यटकीय सम्पदाहरुको संरक्षण, सार्वजनिक शौचार व्यवस्था, वृक्षारोपण ।

अनुसूची २

(दफा ५(१) संग सम्बन्धित)

होमस्टे दर्ताका लागि दिइने निवेदन

श्री सभापोखरी गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय,

बाह्रबिसे, संखुवासभा ।

हामीहरुले जिल्ला ................................ गा.पा.................... वडा नं ....................टोल/ गाउँ............. मा संचालन गर्न लागेको .............................होमस्टेलाई होमस्टे संचालन कार्यविधि, २०८१ बमोजिम सामुदायिक निजी होमस्टेको रुपमा दर्ता गरी पाउन निवेदन गर्दछु गर्दछौ । होमस्टे संचालन कार्यविधि, २०८१ को धिनमा रही आफनो होमस्टे संचालन गर्नेछौं ।

**संलग्न कागजातः**

१. होमस्टे संचालन गर्ने निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपिहरु ।

२. होमस्टे संचालन गर्ने प्रत्येक घरधनीको जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि ।

३. प्रत्येक घरधनीले होमस्टे संचालन गर्न मन्जुर गरेको कागजात सहित होमस्टे व्यवस्थापन समितिको निर्णयको प्रतिलिपी ।

४. व्यवस्थापन समिति गठन तथा दर्ता गर्नेसम्वन्धी स्थानीय भेलाको निर्णय ।

५. निजी होमस्टेको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिस ।

६. आधारभूत प्रशिक्षण लिएको प्रमाणपत्रको प्रतिलिपि ।

७. फोटो दुई दुई प्रति ।

होमस्टे यूनिटहरु (दर्ता हुने व्यक्तिहरुको विवरण ।

| क्र.सं | संचालकको नाम थर | ठेगाना |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

नोटः सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन समितिको अध्यक्ष वा अधिकार दिएको व्यवस्थापनसमितिको सदस्यले निवेदन दिनु पर्ने छ ।

निवेदकको नाम थर....................

हस्ताक्षरः...........................

मितिः.................

अनुसूची ३

(दफा ६(३) संग सम्बन्धित)

सभापोखरी गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय

बाहबिसे, संखुवासभा, कोशी प्रदेश, नेपाल

दर्ता नं

**होमस्टे संचालन प्रमाण पत्र**

.................................. लाई होमस्टे संचालन कार्यविधि, २०८१ मा व्यवस्था भए अनुसार सामुदायिक / निजि होमस्टेका रुपमा दर्ता नवीकरण गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

१) सदस्यको नामः

२) ठेगानाः

३. मान्य अवधिः

**HOME STAY OPERATION CERTIFICATE**

**..................................................** home stay is registered /renewedas a community/ private home stay under home stay operation procedures, 2081 B.S.

1. Name of the owner:

2. Address of the owner:

3. Valid up to ................

**शर्तहरु**

- व्यवस्थापन समितिसंग समन्वय गरी पर्यटकहरुलाई बसोबास व्यवस्था गर्नुपर्ने छ।
- चलन चल्तीको वा निर्धारित मूल्यभन्दा बढी मूल्य लितु हदैन।
- स्थानीय सामाजिक सांस्कृक्तिक वातावरणलाई असर पर्ने खालका क्रियाकलापहरु गर्नु गराउनु हुदैन।
- यो प्रमाणपत्र तथा अनुसूची ५ बमोजिमको आचारसंहिता सबैले देख्ने स्थानमा राख्नु पर्नेछ।
- व्यवस्थापन समितिसंग समन्वय गरी प्रत्येक वर्ष प्रतिवेदन बुझाउनु पर्नेछ।
- यो प्रमाणपत्र प्रत्येक वर्ष नवीकरण गराउनु पर्नेछ।

**अनुमति प्रदान गर्नेको**

नाम थरः .............................

पदः....................................

दस्तखतः ..............................

मितिः..................................

होमस्टे संचालन नवीकरणः

| नविकरण गर्ने अधिकारी | नविकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | नविकरण दस्तुर रसिद नं. र मिति | नविकरण गर्ने अधिकारिको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

शर्तहरु :

- व्यवस्थापन तथा संचालन समितिसंग समन्वय गरी पर्यटकहरुलाई बसोबासको व्यवस्था गर्नुपर्नेछ ।
- चलन चल्तीको वा निर्धारित मूल्य भन्दा बढी रकम लिनु हुदैन ।
- स्थानीय सामाजिक सांस्कृतिक वातावरणलाई असर पर्ने खालका क्रियाकलापहरु गर्नु गराउनु हुदैन ।
- यो प्रमाणपत्र तथा अनुसूची ४ बमोजिमको आचारसंहिता सबैले देख्ने स्थानमा राख्नुपर्नेछ ।
- व्यवस्थापन तथा संचालन समितिसंग समन्वय गरी प्रत्येक वर्ष प्रतिवेदन बुझाउनु पर्नेछ ।
- यो प्रमाणपत्र प्रत्येक एक-एक वर्षमा स्थानिय निकायमा नविकरण गराउनु पर्नेछ ।

अनुसूची ४

(दफा ९ (३) (त) संग सम्बन्धित

Code of Conduct for the Visitors (आचार संहिता)

The home stay visitors are expected to abide the following points:

पर्यटकहरुले निम्न लिखित आचार संहिताको पालना गर्नु पर्नेछ :-

1. Do not pressure the owner for food, beverage and facilities not available at home stay. (होम स्टेमा उपलब्ध हुन नसक्ने खाना, पेय पदार्थ र सुविधा बारे संचालकलाई दबाव दिन पाइने छैन)।
2. Do not disturb people at home or outside.
(होमस्टे र छिमेकीलाई असर पर्नेगरी होहल्ला गर्न पाइने छैन)।
3. Activites like music, cultural are strictly prohibited affer 10:PM.
(होम स्टेमा गरिने गतिविधि सांगीतिक, सांस्कृतिक कृयाकलाप बेलुकी १०:०० बजे भन्दा पछि गर्न पाइने छैन) 4. Do not offer anything to the people beyond one's capacity.
होम स्टे संचालकको क्षमता बाहिरको सेवा सुविधा माग गर्न पाइने छैन।
5. Beware of doing any behavior (such as sexual activities), which is impermissible to the local socio-cultural values.
( सामाजिक मूल्य मान्यता, धर्म संस्कृतिको दृष्टि नपच्ने व्यवहार, गतिविधी, यौनजन्य हिंसा गर्न पाईने छैन)।
6. Respect to the rites and rituals of the local people. Wear such clothes that are permissible to the community.
(स्थानीय समुदायको रिति रिवाजलाई सम्मान गर्नु पर्नेछ र समुदायमा सहज हुने कपडाहरु लगाउनु पर्नेछ)।
7. Do not impress the owner or use or other people for doing immoral or illegal activities. Respect to the household routine for entrance and exit.
(अनैतिक र गैरकानुनी क्रियाकलाप गर्न समुदायलाईदवाव दिनु हुँदैन)।
8. Supply and use of narcotics or any forms of psychotropic drugs at home or outside is strictly prohibited.
(कुनै प्रकारका लठ्याउने प्रकारका लागु पदार्थहरु प्रयोग गर्न र विक्रि वितरण तथा ओसार पसार गर्न सख्त मनाही छ)।
9. Respect to the bio-diversity and ecology of the environment.
( जैविक विविधता र वातावरणीय परिस्थितिलाई सम्मान गर्नुहोस)।
10. Carrying weapons (e.g., Gun, Explosive materials) are strictly prohibited.
(हात हतियार जस्तै बन्दुक, बिस्फोटक पदार्थ वोक्न सख्त मनाही छ)।
11. Home stay visitors compulsarly submit own identity cards. For foreigners, we will rely on valid visa or passport.
(होम स्टेमा बस्नेहरुले अनिवार्य रुपमा आफ्नो परिचय खुल्ने कागजात पेश गर्नु पर्नेछ। बिदेशी पाहुनाहरुको हकमा नेपालमा बसाई बाँकी भएको मान्य अवधि हेरि यसका लागि Visa र Passport लाई आधार मानिनेछ।)

अनुसूची ५

(दफा १३ संग सम्बन्धित

**आ.व......... को बार्षिक प्रतिवेदन**

श्री सभापोखरी गाउँपालिका,

गाउँपालिकाको कार्यालय, बाह्रबिसे।

होमस्टेको नाम :

स्थान : ......................................

टोल : ....................................................................

समुदायिक होमस्टे भए आवद्ध संख्या : ...................................

दर्ता मिति : ....................................

**१. पर्यटक आवागमन संख्या र आय विवरण :**

| सि.नं. | मिति | पर्यटक संख्या | प्रमुख कृयाकलाप | आएको स्थान/देश | मासिक आय (रु) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| ११ | | | | | | |
| १२ | | | | | | |
| जम्मा : | | | | | | |

(खानपान, बास, दृश्यवालोकन, हाइकिङ, सांस्कृतिक कार्यक्रम, परम्परागत खेलमा सहभागी गराउने, जंगल ट्रेक, इको ट्रेक इत्यादी)।

**२. होमस्टे मार्फत पुऱ्याइएको सेवा सुविधा :**

..........................................................................................................................................................................
.....................................................................................

**३. प्रचार प्रसार गराएको विवरण :**

..........................................................................................................................................................................
..............................................................................

**४. आय-व्ययको बार्षिक लेखापरीक्षण भएको विवरण प्रतिवेदन साथ संलग्न गर्नु पर्ने :**

**निवेदक**

नामथरः ....................................

पद : ...............................

ठेगाना : ...........................

टेलिफोन : ..................

फ्याक्स : ..................

इमेल : ...............................

वेभसाइट : .....................................

मिति :....................

होमस्टे संचालक सदस्यहरुको व्यक्तिगत विवरण

| सि.नं. | नाम | ठेगाना | शिक्षा/तालिम | नागरिकता नं. | जारी मिति |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |
| १२ | | | | | |
| १३ | | | | | |
| १४ | | | | | |
| १५ | | | | | |
| १६ | | | | | |
| १७ | | | | | |
| १८ | | | | | |
| १९ | | | | | |
| २० | | | | | |
| २१ | | | | | |
| २२ | | | | | |

................................

आज्ञाले:

बुकु प्रसाद आचार्य

प्रमुख प्रशासकीय अधिकृत